आज मिति २०७९ साल जेठ २० गते दिनको १२ : ३० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७८/०७९ को आठौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

क्र.सं	नाम, थर	पद	हस्ताक्षर
१	श्री मणिराम वुढाथोकी	गाउँपालिका अध्यक्ष	
२	श्री मिना थापा	गाउँपालिका उपाध्यक्ष	Mina
३	श्री पवन कुमार कवर	वडा अध्यक्ष वडा नं. १	
४	श्री नेत्र बहादुर गिरी	वडा अध्यक्ष वडा नं. २	
५	श्री दुर्गा बहादुर विष्ट	वडा अध्यक्ष वडा नं. ३	
६	श्री ओविलाल बस्नेत	वडा अध्यक्ष वडा नं. ४	
७	श्री मणि थापा	वडा अध्यक्ष वडा नं. ५	
८	श्री लोकेन्द्र बहादुर थापा	वडा अध्यक्ष वडा नं. ६	
९	श्री रेशम शर्मा	वडा अध्यक्ष वडा नं. ७	
१०	श्री धनराज रोका	वडा अध्यक्ष वडा नं. ८	
११	श्री रिता ~~कुमारी~~ देवी थापा	कार्यपालिका सदस्य वडा नं. ३	
१२	श्री निर्मला पुनमगर	कार्यपालिका सदस्य वडा नं. ४	Nil
१३	श्री अनिता थापा	कार्यपालिका सदस्य वडा नं. ६	
१४	श्री इन्द्रा रोकामगर	कार्यपालिका सदस्य वडा नं. ८	
१५	श्री तुल्सी सुनार	कार्यपालिका सदस्य वडा नं. १	
१६	श्री नेमलाल दमाई	कार्यपालिका सदस्य वडा नं. ७	
१७	श्री दिनेश पौडेल	सचिव, प्रमुख प्रशासकीय अधिकृत	
सहयोगी कर्मचारीहरु			
१	रनविर वुढा	प्रशासन शाखा प्रमुख	
२	रेकम पोखेल	लेखापाल	
३	दुर्योधन महरा	सहायक कम्प्यूटर अपरेटर	

प्रमुख प्रशासकीय अधिकृत

आठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) समिक्षा तथा जानकारी सम्बन्धमा ।
२) धन्यवाद ज्ञापन सम्बन्धमा ।
३) निर्णय अनुमोदन सम्बन्धमा ।
४) कार्यालय सञ्चालन सम्बन्धमा ।
५) प्रवक्ता तोक्ने सम्बन्धमा ।
६) विषयगत लगायत अन्य समितिहरु गठन सम्बन्धमा ।
क) राजश्व परामर्श समिति ।
ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति ।
ग) विधेयक समिति ।
घ) सार्वजनिक सेवा तथा क्षमता विकास समिति ।
ङ) आर्थिक विकास समिति ।
च) सामाजिक विकास समिति ।
छ) पूर्वाधार विकास समिति ।
ज) वातावरण तथा विपद् व्यवस्थापन समिति ।
७) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अवलम्वन, कार्यान्वयन, घोषणा तथा बालमैत्री सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।
८) योजना स्वीकृत तथा वैकल्पिक बेरोजगार व्यक्तिहरुलाई काममा लगाउने सम्बन्धमा ।
९) कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९ पारित सम्बन्धमा ।
१०) विविध छलफल सम्बन्धमा ।

२०७९ जेठ २० गते बसेको आठौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.	प्रस्ताव	संक्षिप्त व्यहोरा	प्रस्तावित निर्णय	निर्णय
१	समिक्षा तथा जानकारी सम्बन्धमा ।	हालसम्म यस गाउँपालिकाबाट सम्पादन भएका गतिविधीहरुको समिक्षा तथा जानकारी गराउन आवश्यक रहेको ।	कार्यपालिकाको अघिल्लो जननिर्वाचित पदाधिकारीहरुबाट र गाउँपालिकाबाट हालसम्म सम्पादित कार्यको वारेमा वैठकमा प्रमुख प्रशासकीय अधिकृतबाट भएको प्रस्तुतीका समीक्षा गरियो । गाउँपालिकाबाट भएका असल अभ्यासको अनुसरण गर्दै अगाडि बढ्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
२	धन्यवाद ज्ञापन सम्बन्धमा ।	स्थानीय तहको दोश्रो निर्वाचनमा आ-आफ्नो ठाउँ, क्षेत्र र जिम्मेवारीमा रही सफलता पूर्वक निर्वाचन सम्पन्न गराउने सवै पक्षलाई धन्यावाद व्यक्त गर्न आवश्यक रहेको ।	स्थानीय तहको दाश्रो निर्वाचनमा सक्रियतापूर्वक भाग लिने सुनिलस्मृति गाउँपालिकाका सम्पूर्ण मतदाताहरु, निर्वाचन सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्वाचन कार्यालयका कर्मचारीहरु, मतदान कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गराउन मतदान केन्द्रमा खटिएका कर्मचारीहरु सुरक्षाकर्मीहरु लगाएत सवै पक्षलाई धन्यवाद ज्ञानि गर्ने साथै पहिलो जन निर्वाचित जनप्रतिनिधिहरुले कठिन परिस्थितीमा पनि गाउँपालिकालाई अव्वल बनाउन सफल रहनु भएकोमा धन्यवाद व्यक्त गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

३	निर्णय अनुमोदन सम्बन्धमा ।	यस गाउँपालिका अध्यक्षज्यूले पदभार ग्रहणमा गर्नु भएको निर्णयलाई अनुमोदन गर्न उचित देखिएको ।	यस गाउँपालिका अध्यक्षज्यूले पदभार ग्रहणका दिन गरेको निर्णय "सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को नियम, ९७ को उपनियम ९ बमोजिम उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा हेवी इक्युपमेन्ट प्रयोग नहुने व्यवस्थालाई पूर्णतया कार्यान्वयन गर्दै त्यस्तो निर्णय कार्य उपभोक्ता समिति मार्फत नगर्ने" तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था गरेको टोल विकास समिति गठन गर्ने र सो मार्फत स्थानीय विकासका गतिविधिहरु सञ्चालन गर्न सकिने समेत देखिएकोले सुरुवातमा पाइलटिङको रुपमा कुनै एक वडामा टोल विकास समिति गठन गराई सो मार्फत समेत स्थानीय विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णयलाई अनुमोदन गर्ने साथै स्थानीय विकास योजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधि तत्काल तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
४	कार्यालय सञ्चालन सम्बन्धमा ।	कार्यालय सञ्चालन गर्न आवश्यक देखिएको ।	आर्थिक वर्ष अन्त्य हुन लागेको र स्थानीय तह सदस्य निर्वाचनको क्रममा कार्यालयबाट सेवा तथा कार्यक्रमहरु हुन नसकेको हुदाँ गाउँपालिका भित्र रहेका सबै कार्यालयहरुलाई आइतबारका दिनमा सञ्चालन गर्ने कार्यालय समय विहान १० बजे देखि बेलुकि ५ बजेसम्म र शुक्रबार विहान १० बजेदेखि ३ बजे सम्मलाई नै कायम गर्ने तथा गत आ.व.हरुमा कोभिड महामारीका कारण लामो समयसम्म विद्यालय वन्द भई विद्यार्थीहरुको पढाइमा समेत समस्या भएको हुदाँ गाउँपालिकाको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिका भित्र रहेका सबै विद्यालयहरु आइतबारका दिन पठनपाठन गराउन सबै विद्यालयलाई निर्देशन गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
५	प्रवक्ता तोक्ने सम्बन्धमा ।	गाउँपालिकाले सम्पादन गरेको कार्य वा निर्णय सावजनिक जानकारीमा ल्याउन प्रवक्ताको आवश्यक रहेको ।	सुनिलस्मृति गाउँपालिकाबाट सम्पादन भएका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउन प्रवक्ताको आवश्यकता रहने भएको हुदाँ, वडा नं. १ का वडा अध्यक्ष पवन कुमार कवरलाई प्रवक्ता तोक्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

सभाध्यक्ष

६	विषयगत लगायत अन्य समितिहरु गठन सम्बन्धमा । क) राजश्व परामर्श समिति । ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति । ग) विधेयक समिति । घ) सार्वजनिक सेवा तथा क्षमता विकास समिति । ङ) आर्थिक विकास समिति । च) सामाजिक विकास समिति । छ) पूर्वाधार विकास समिति । ज) वातावरण तथा विपद् व्यवस्थापन समिति ।	यस गाउँपालिकालाई आवश्यक पर्ने विषयगत समिति लगायत अन्य समितिहरु गठन गर्नुपर्ने । क) राजश्व परामर्श समिति । ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति । ग) विधेयक समिति । घ) सार्वजनिक सेवा तथा क्षमता विकास समिति । ङ) आर्थिक विकास समिति । च) सामाजिक विकास समिति । छ) पूर्वाधार विकास समिति । ज) वातावरण तथा विपद् व्यवस्थापन समिति ।	यस गाउँपालिकालाई आवश्यक पर्ने तपशिल बमोजिमको समितिहरु गठन गर्ने । **तपशिल** **क) राजश्व परामर्श समिति ।** मिना थापा संयोजक दिनेश पौडेल सदस्य निर्मला पुन सदस्य दुर्गा बहादुर विष्ट सदस्य ओविलाल के.सी. सदस्य मिलन रोकामगर सदस्य पदम प्रसाद रिजाल सदस्य सचिव **ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति ।** मणिराम वुढाथोकी संयोजक मिना थापा सदस्य अनिता थापा सदस्य नेमलाल दमाई सदस्य मणि थापा सदस्य नेत्र बहादुर गिरी सदस्य दिनेश पौडेल सदस्य सचिव **ग) विधेयक समिति ।** ओविलाल बस्नेत संयोजक नेत्र गिरी सदस्य यादव के.सी. सदस्य सचिव **घ) सार्वजनिक सेवा तथा क्षमता विकास समिति ।** दुर्गा बहादुर विष्ट संयोजक निर्मला पुन सदस्य रनविर वुढा सदस्य सचिव **ङ) आर्थिक विकास समिति ।** पवन कुमार कवर संयोजक रितादेवि थापा सदस्य मणि थापा सदस्य मधुसुदन गैरे सदस्य सचिव **च) सामाजिक विकास समिति ।** लोकेन्द्र बहादुर थापा संयोजक धनराज रोका सदस्य मोतिम आलम सदस्य सचिव **छ) पूर्वाधार विकास समिति ।** रेशम शर्मा संयोजक अनिता थापा सदस्य अर्जुन श्रेष्ठ सदस्य सचिव **ज) वातावरण तथा विपद् व्यवस्थापन समिति ।** तुल्सी सुनार संयोजक नेमलाल दमाई सदस्य भुपेन्द्र खड्का सदस्य सचिव	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

७	बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अवलम्वन, कार्यान्वयन, घोषणा तथा बालमैत्री सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।	बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अवलम्वन, कार्यान्वयन, घोषणा तथा बालमैत्री सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्न आवश्यक रहेको ।	बालमैत्री स्थानीय शासन अवलम्वन, कायान्वयन तथा घोषणाका लागि तयार पारिएको नतिजामुखी कार्ययोजना स्वीकृत गर्ने र आगामी गाउँसभाबाट अनुमोदन गराउने साथै उक्त कार्यलाई सहजीकरण गर्न महिला तथा बालबालिका शाखालाई बालमैत्री स्थानीय सम्पर्क शाखा र भगवती वुढालाई बालमैत्री सम्पर्क व्यक्ति तोक्ने । अन्य प्रकृया र पद्धति कार्ययोजना तथा निर्देशिका बमोजिम गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
८	योजना स्वीकृत तथा वैकल्पिक बेरोजगार व्यक्तिहरुलाई काममा लगाउने सम्बन्धमा ।	प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु स्वीकृत तथा वेरोजगार व्यक्तिहरुलाई अनुमोदन गर्नुपर्ने ।	पधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सवै वडाहरुबाट छनौट भई आएका योजनाहरुलाई स्वीकृत गर्ने साथै वैकल्पिक वेरोजगार व्यक्तिहरुलाई अनुमोदन गरी काममा लगाउने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
९	कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९ पारित सम्बन्धमा ।	कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९ पारितलाई पारित गर्न आवश्यक रहेको ।	गाउँपालिकाको आयोजना, प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनी प्रदेशको सहयोग र इनोभेटिभ प्लानिङ एण्डे डेभलपमेन्ट कन्सल्टको सहजीकरणमा २०७९ बैशाख ७ मा अभिमुखीकरण तथा छलफल भई तयार पारिएको सुनिलस्मृति गाउँपालिकाको **"कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहाहार (निवारण) आचारसंहिता, २०७९"** लाई पारित गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१०	विविध छलफल सम्बन्धमा ।	प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । **क)** प्रदेश समपुरक माग सम्बन्धमा ।	**क)** यस गाउँपालिका अन्तर्गत आगामी आ.व.मा सञ्चालन हुने समपुरक आयोजनाहरु प्रदेश सरकार आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम बुटवल नेपालमा तपशिल बमोजिमका आयोजना माग गर्ने । **तपशिल** १) वडा नं. ६ को वडा कार्यालय भवन निर्माण योजना १ करोड २) नेपाल राष्ट्रिय माध्यामिक विद्यालय अरेश भवन निर्माण योजना १ करोड ३) देविभक्त आधारभूत विद्यालय भवन निर्माण योजना १ करोड	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
		ख) झोलुङ्गे पुल माग सम्बन्धमा ।	**ख)** यस गाउँपालिका अन्तर्गत घोडागाउँ-खुंग्री जोड्ने झो.पु र राडकोट देविस्थान जोड्ने झो.पु निर्माणका लागि सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल, पुल्चोक ललितपुरमा माग गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत